त्रिवेणी गाउँपालिका, रोल्पा

आ.व. २०७९/०८०

# सार्वजनिक सुनुवाइ



# कार्यक्रम प्रतिवेदन

आयोजक :

त्रिवेणी गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय, जुगार रोल्पा

सहजीकरण :

मानवअधिकार सचेतन केन्द्र (हुरेक) नेपाल रोल्पा

जेठ २०८०

# त्रिवेणी गाउँपालिका, रोल्पा

## आ.व. २०७९/०८०

# सार्वजनिक सुनवाइ कार्यक्रम प्रतिवेदन

**पृष्ठमूमि :**

**त्रिवेणी गाउँपालिकाको परिचय :**

त्रिवेणी गाउँपालिका लुम्बिनी प्रदेश अन्तरगत रोल्पा जिल्लाको साविकको ५ वटा गा.वि.स. करेटी, नुवागाउँ, बुढागाउँ, जुगार र गैरीगाउँ मिलेर बनेको एक गाउँपालिका हो । शिवाङखोला, चक्रीखोला र गैरीगाउँखोला गरी तीन प्रमुख खोलाहरुको सेरोफेरोमा फैलिएको जम्मा २०५.३९ वर्ग कि.मि. भू-भाग यस त्रिवेणी गाउँपालिकाको पूर्वमा रोल्पा नगरपालिका, पश्चिममा सल्यान जिल्ला, उत्तरमा माडी र गंगादेव गाउँपालिका र दक्षिणमा रुन्टीगढी गाउँपालिका अवस्थित छ । ८२°१२'५२" देखि ८२°३५'२२" पुर्वी देशान्तर र २८°१२'३६" देखि २८°२२'२५" उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुन्द्री सतहबाट ८६० मिटर देखि२८०० मिटरको उचाइमा अवस्थित छ । वनजंगल, खोलानाला, र प्राकृतिक छटाले भरिपूर्ण यस गाउँपालिकाको केन्द्र जुगार समुद्री सतहबाट ११२८ मिटरको उचाइमा अवस्थित छ । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरु रहेका छन् जस्मा तिला बजार, नुवागाउँ, दहवन, निगालपानी, सिमपानी, लिङ्दुङ, नेर्पा बजार सहर उन्मुख क्षेत्र पर्दछन् । २०६८ सालको जनगणना अनुसार जम्मा २५९५७ जनसंख्या रहेको यस गाउँपालिका सामाजिक तथा साँस्कृतिक रुपमा सम्पन्न रहेको छ । मगर जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, ठकुरी,सन्यासी, कामी, दमाई, सार्की, यस गाउँपालिकामा कार्यरत बालबालिका तथा लैङ्गिक समानता सम्बन्धिका संस्थाको सक्रिय सहयोग तथा गाउँपालिकाको निति नियम तथा वार्षिक कार्यक्रमको सक्रिय कार्यान्वयनमा यस गाउँपालिकामा बाल अधिकार सुनिश्चितता, बालश्रम न्यूनिकरण तथा लैङ्गिक समानता जस्ता कार्यहरु भएका छन् । यस गाउँपालिकामा १ वटा क्याम्पस (स्नातक तह), १२ वटा सामुदायिक माध्यमिक तहका विद्यालय, २६ वटा सामुदायिक आधारभूत विद्यालय रहेका छन् । यस गाउँपालिकाकोविद्यालय भर्नादर शत प्रतिशत छ । यस गाउँपालिकालाई बालश्रम मुक्त गाउँपालिका घोषणा गरिएको छ ।

**सार्वजनिक सुनुवाई सम्बन्धी व्यवस्था :**

सार्वजनिक सुनुवाई भनेको सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका सार्वजनिक निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनकि स्थलमा खुला छलफल गर्ने प्रक्रिया हो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँसभाले बनाएको सुशासन (संचालन तथा व्यवस्थापन) नीति २०७६ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । संघीय सरकारको सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि अनुसार नै पालिकाको आफ्नो सार्वजनिक सुनुवाई गर्दै आएको छ । सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एक पटक गराउनुपर्नेछ । त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिवद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनुपर्नेछ ।

**कार्यक्रमको परिचय :**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले त्रिवेणी गाउँपालिकामा सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । त्रिवेणी गाउँपालिका रोल्पाको सार्वजनिक सुनुवाई कार्यक्रम २०८० जेठ ५ गते सभाहलमा सञ्चालन गरिएको थियो ।

**कार्यक्रमको उद्देश्य :**

- कार्यालयबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वाजनिक गर्नु ।
- गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने ।
- सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने ।
- सुशासन नीतिमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रतिजवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

अनुसूची-४

(दफा १५ को उपदफा (६) संग सम्बन्धित)

# सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदनको ढाँचा

**सार्वजनिक सुनुवाई सहजीकरण तथा संयोजन गर्ने व्यक्तिको नाम, थर ठेगाना :**

- सहजीकरण : भोलानाथ आचार्य, अध्यक्ष मानवअधिकार सचेतन केन्द्र (हुरेक) नेपाल रोल्पा
- संयोजन : धरेन्द्र प्रसाद डाँगी, कार्यक्रम संयोजक, हुरेक नेपाल रोल्पा

**सुनुवाई गरिएका विषयवस्तुहरु :**

(क) कार्यालयबाट सेवाग्राहीहरुलाई उपलब्ध गराइएका वा गराइने सेवा सुविधाहरुको बारेमा जानकारी

(ख) कार्यालयसंग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरी

ग) कार्यालयबाट चालु आर्थिक वर्षमा संचालन गर्न लागिएका योजना, परियोजना, कार्यक्रम बजेट आदिका बारेमा सम्बन्धित सरोकारवालालाई जानकारी दिने विषय,

घ) कार्यालयले संचालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावबारे मूल्यांकन गर्ने

**कार्यक्रम आयोजना स्थल :** त्रिवेणी गाउँपालिकाको बहुउद्देश्यीय सभाहल त्रिवेणी ५ जुगार रोल्पा

**कार्यक्रम आयोजना गरिएका मिति र समय :** २०८० साल जेठ ५ गते बिहान ११ बजे ।

**कार्यक्रम संचालन गरिएको समयावधि :** (घण्टा/मिनेट) : ४ घण्टा ३० मिनेट

**कार्यक्रम संचालन सम्बन्धी जानकारी :**

- कार्यक्रमको सभाअध्यक्ष : श्री कर्णबहादुर बाठा गाउँपालिका अध्यक्ष
- अतिथि : गाउँपालिका उपाध्यक्ष लेखमणि डाँगी, प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसी, सबै वडा अध्यक्षहरु, कार्यपालिका सदस्य तथा वडा सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु ।
- कार्यक्रम उद्घाटन : सभा अध्यक्ष गाउँपालिका अध्यक्षले ब्यानर बाचन गरी उद्घाटन ।
- कार्यक्रममा स्वागत तथा समग्र गाउँपालिकाको प्रगति विवरण : निमबहादुर केसी प्र.प्र.अ.
- दोस्रो सत्रको सहजीकरण भोलानाथ आचार्यबाट सुरु
- सार्वजनिक सुनुवाईका आचारसंहिताबारेमा जानकारी
- नागरिक सन्तुष्टी सर्वेक्षणको नतिजाको प्रतिवेदन प्रस्तुत
- सहभागिबाट प्रश्न वा जिसाज्ञा संकलन

- सेवा प्रदायकबाट जवाफ
- कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसी, उपाध्यक्ष लेखमणि डाँगीबाट मन्तव्य तथा गाउँपालिका अध्यक्षबाट धन्यवाद सहित कार्यक्रम समापन ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति विवरण**

| दलित | | जनजाति | | ब्राह्मण/क्षेत्री | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| | | | | | | | |

**सञ्चाल प्रक्रिया :**

**क) समन्वयात्मक बैठक :**

त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति, समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने सम्बन्धमा त्रिवेणी गाउँपालिकाको अध्यक्ष कर्णबहादुर बाठा, उपाध्यक्ष लेखमणि डाँगी, प्रमुख प्रशासकीय प्रमुख निमबहादुर केसी, सूचना प्रविधि अधिकृत भरत डिसी, प्रशासकीय प्रमुख प्रेम प्रकाश पुन लगायतसंग हुरेक नेपाल रोल्पाका अध्यक्ष भोलानाथ आचार्य, कार्यक्रम संयोजक धरेन्द्र डाँगीबीच भेटघाट गरी समन्वयात्मक छलफल पस्चात् सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने सहमति भएको थियो । २०८० जेठ ५ गते त्रिवेणी गाउँपालिकाको सभाहलमा कार्यक्रम सञ्चालन गर्ने मिति तय भएपछि कार्यक्रमको आवश्यक तयारी गरिएको थियो ।

**ख) सहजकर्ता छनौट र समन्वय :**

त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय गाउँपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सहजीकरण गर्न हुरेक नेपालबाट सहजकर्ता छनौट भएपछि  कार्यक्रमको जिम्मेवारी प्रदान गरिएको थियो ।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :**

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के केहनु ? कस्ता खालका छन्? बस्तुतथा सेवा सुविधाहरु कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक, सुनुवाई सम्बन्धि

कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरु, त्रिवेणी गाउँपालिकाको सुशसन ऐन लगायतको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

**घ) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारी :**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत पत्र अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अनुसुचि २ र ३ को ढाँचा अनुसार क्रम नागरिक प्रतिवेदन र नागरिक अभिमत सहकर्ता संस्था स्वयम्ले संकलन गरि प्रतिवेदन तयार गरेको हो ।

(ङ) **सार्वजनिक सुनुवाईको प्रचार प्रसार :**

त्रिवेणी गाउँपालिकाद्वारा आर्थिक वर्ष २०७९/०८० को प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सुचनाको ठूलो महत्व हुने भएकाले कार्यक्रम सम्बन्धमा स्थानीय संचार माध्यम, वडा कार्यालय, गाउँपालिकाको फेसबुक पेजबाट सुचना प्रवाह गरिएको थियो । कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार लगायतको उपस्थिति सुनुश्चितताको लागि विभिन्न माध्यमबाट खबर गर्ने कार्य गरिएको थियो ।

त्रिवेणी गाउँपालिकाका अध्यक्ष कर्णबहादुर बाठाको अध्यक्षतामा भएको कार्यक्रमका संस्थापक अध्यक्ष शान्तकुमार वली, उपाध्यक्ष लेखमणि डाँगी, प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसी, सबै वडाका वडा अध्यक्षहरु, गाउँपालिकाका सबै शाखा प्रमुखहरु, सेवाग्राही, राजनीतिक दलका प्रतिनिधि, आमा समूह लगायतलाई आसनग्रहण गराइयो थियो । कार्यक्रमको पहिलो सेसन नायव सुब्ब प्रेम प्रकाश पुनले संचालन गर्नुभएको थियो भने दोस्रो सेसन सहजकर्ता भोलानाथ आचार्यले गर्नुभएको थियो । कार्यक्रममा सभा अध्यक्ष गाउँपालिका अध्यक्षले ब्यानर बाचन गरी उद्घाटन गर्नुभएको थियो भने स्वागत तथा समग्र गाउँपालिकाको प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसीले गर्नुभएको थियो । उहाँले समिक्षा तथा खर्च सार्वजनिकीकरण, चालु आर्थिक वर्ष २०७९/०८० को प्रगति समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्नुभयो । कार्यक्रममा सहजकर्ता भोलानाथ आचार्यले तयार गर्नु भएको नागरिक प्रतिवेदन र बहिर्ग मन अभिमत प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यस पश्चात सेवाग्राही र गाउँपालिका बीच हाकाहाकी प्रश्नोत्तर हुने शत्र तर्फ प्रवेश गराउनुभयो । त्यस पूर्व सार्वजनिक सुनुवाई कार्यक्रमको आचार संहिता बारे जानकारी गराउदै आचार संहिताको पूर्ण पालना गर्न प्रश्नकर्ता र जवाफदेही वक्ताहरुलाई अनुरोध गर्नुभयो । सहभागीहरुलाई सहजकर्ताले क्रमश हात उठाए अनुसार प्रश्न सोध्ने समय प्रदान गर्नु भएको थियो भने प्रमुख जवाफदेही वक्ताको रुपमा रहनु भएका गाउँपालिका अध्यक्ष कर्णबहादुर बाठा, उपाध्यक्ष लेखमणि डाँगी, सम्बन्धित वडा अध्यक्षहरु, शाखा प्रमुखहरुले जवाफ दिनु भएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ सहित सहभागी नागरिकहरुलाई धन्यवाद दिदै त्रिवेणी गाउँपालिका अध्यक्ष कर्णबहादुर बाठाले गाउँपालिकालाई सफल बनाउने दायित्व सबै नागरिकको भएको बताउनुभयो । सबै जनाको साथ र सहयोगले मात्रै गाउँपालिकालाई समृद्ध बनाउन

सकिने भन्दै गाउँपालिकाको बारेमा कुनै गुनासो तथा सुझाव भए अन्य समयमा समेत दिनुहनु अनुरोध गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

## उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क्र.सं. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | नरबहादुर सेरपाइली, त्रिवेणी १ करेटी | करेटीमा समुदायमा आधारित बालविकास केन्द्र स्थापना भएको र त्यसलाई सरकारबाट कुनै सहयोग छैन पटक पटक माग राख्दा पनि सुनुवाइ भएन किन? | लिलाकुमारी घर्ती, शिक्षा शाखा प्रमुख | बालविकासको कोटा भएकोमा मात्र स्थानीय तहबाट सहयोग जाने भएकोले हाल सम्म सेवा सुविधा उपलब्ध हुनु नसकेको हो र आगामी दिनमा यसलाई प्राथमिकता राख्नुपर्नेछ । |
| २. | टेकराज पुन मगर, त्रिवेणी ५ जुगार रोल्पा | गाउँपालिकामा सेवाग्राही धेरै पटक आउने गरेको तर सम्बन्धित व्यक्ति नहुदा काम नबन्ने गरेको, दहखोला खानेपानीको भुक्तानी ढिला भएको किन? | वडा अध्यक्ष कृण केसी, नवराज खड्का योजना शाखा | काम सन्पन्न भनिएको भए पनि अनुगमन गर्दा पूरा नभएको, तोडफोड भएकोले योजना शर्त अनुसार पूरा नभएसम्म भुक्तानी हुदैन । योजनाको काम पूरा गर्न अनुरोध गरिएको छ । |
| ३. | दीपा वली, महिला स्वास्थ्य स्वयंसेविका वडानं ५ | महिला स्वास्थ्य सेविकालाई सरकारले पारिश्रमिकमा हेरफेर गर्नुपर्छ । | कर्णबहादुर बाठा, गापा अध्यक्ष, पूर्ण बुढा स्वाथ्य शाखा | गाउँपालिकाले केही हेरेको छ । आगामी दिनमा यसलाई प्राथमिकता दिएर हेरिनेछ । पालिकाबाट यातायात १। हजार रकम मात्र दिएको छ ।बजेटको अभाव रहेको छ । |
| ४. | हेमराज विक, वडा नं. ५ रोल्पा | तारजाली पटक पटक माग गर्दा पनि नपाएको, निवेदन दिन पनि सुनुवाई नभएको किन? | वडा अध्यक्ष कृष्ण केसी | तारजालीको माग धेरै आएको छ । अगाडि नै धेरै माग आएको तारजाली कम भएकोले यस पटक छानेर मात्र दिने भएकोले धेरै मागलाई आगामी दिनमा सम्बोधन गरिनेछ । वडामा ८ वटा मात्र तारजाली आएको छ । त्यो अति आवश्यकताको आधारमा वितरण गरिनेछ । |
| ५. | नोखिराम डाँगी, सचिव अपांग समाज | वास्तविक लक्षित वर्गको लागि बजेट विनियोजन गर्नुपर्छ । अपांग समाजका | कर्णबहादुर बाठा, गापा अध्यक्ष | केही बजेट छुट्याएको तर ठोस कार्यक्रम ल्याउनेमा गापा प्रयासरत रहेको छ । आगामी |

| | | | | |
|---|---|---|---|---|
| | कल्याण त्रिवेणी रोल्पा | लागि बजेट माग गरेको तर बजेट परेन ? | | दिनमा सबै माग सम्बोधन गरिनेछ । |
| ६. | लोकबहादुर खड्का, त्रिवेणी ६ रोल्पा | विजुलीको पोलहरु गएको तर तार हालसम्म पनि नआएको, वडामा भन्दा पालिकाले वेवास्ता गरेको भनिएको छ, किन? | कर्णबहादुर बाठा, गापा अध्यक्ष, वडा अध्यक्ष नरेन्द्र भण्डारी, मान बहादुर बुढा विद्युत प्राविधिक | विजुलीको तारका बारेमा माग धेरै आएको तर तार कम आएको हो । वडा कार्यालयहरुले समन्वय कम गर्दा केही समस्या आएको हो । यसलाई आगामी दिनमा सकेसम्म पहल गरिनेछ । |
| ७. | चेतबहादुर डाँगी, त्रिवेणी वडा नं. ३ रोल्पा | रोजगारका लागि नागरिकहरु छनौटका आधारहरु केके हुन् । | कृष्ण रोकाय, रोजगार संयोजक | रोजगारका लागि विभिन्न मापदण्डहरु रहेका छन् । वडा कार्यालयबाट यसको माग सिफारिस भएर आउछ । माग धैरे भएकाले र कोटा कम भएकोले केही सम्बोधन गर्न नसकिएको हो । |
| ८. | भीमबहादुर बुढा, वडा नं. ४ | मोटरबाटोका लागि सामुदायिक वनले केही सास्ती दिएको छ । यसलाई कसरी सजिलो बनाउन सकिन्छ ? | कर्णबहादुर बाठा, गापा अध्यक्ष, वडा अध्यक्ष गंगाप्रसाद घर्ती | सामुदायिक वनसंग वन क्षेत्र धैरै क्षति नहुने गरी आवश्यक समन्वय गर्नपर्ने देखिन्छ । प्राविधिक स्टिमेट अनुसार लाग्नुपर्ने देखिन्छ । |
| ९. | कुशबहादुर पुन, वडा नं. ५ | प्रदेशबाट आउने रकम पालिका र वडासंग समन्वय किन भएन? प्राविधिक स्टिमेट ढिला भएको छ । विद्युतको ठेकेदारलाई खोजी गर्नुपऱ्यो? | कर्णबहादुर बाठा, गापा अध्यक्ष, लेखमणि डाँगी, उपाध्यक्ष | प्रदेशबाट आउने बजेट पनि समन्वय गरेर कार्य शर्तअनुसार पूरा हुनुपर्छ । त्रिवेणी बनाउन सबै लाग्नुपर्छ । विद्युतमा सबैको माग पूरा गर्न आवश्यक समन्वयकारीको भूमिका निर्वाह गर्नुपर्छ । विद्युतको तार पालिका केही छ । आगामी दिनमा यसको सम्बोधन गरिनेछ । |

**कार्यक्रमको सवल पक्षहरु :**

- गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरुको सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- आर्थिक गत आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा र चालु आर्थिक वर्षको प्रगति प्रस्तुत गरिएको
- नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

- नागरिकको सहभागिता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चाल माध्यमबाट प्रशारण तथा प्रकाशन गरिएको ।
- नागरिक प्रतिवदेन र बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रसारमा ध्यान दिनु पर्ने ।
- योजनाहरुमध्येबाट छनौट गरी सेवाग्राहीलाई समेत बढी भन्दा बढी सहभागिता गराउनुपर्ने ।
- गाउँपालिकामा नियमित तथा वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।

**समस्याहरु :**

- सेवाग्राही निर्धारित समय भन्दा ढिला आउदा कार्यक्रम ढिला सुरु भएको ।
- सहभागिता बृद्धिको लागि व्यक्तिगत रुपमा पत्रचार गर्न नसकिएको, सार्वजनिक सूचनालाई मात्रै मुख्य आधार बनाइएको ।
- कार्यक्रम लामो अवधि सञ्चालन हुदा अन्तिम समय तर्फ सहभागी संख्या क्रमश कम हुदै गएको

**निष्कर्ष :**

त्रिवेणी गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । त्रिवेणी गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले विद्यालय, खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, कृषिको बजारीकरण, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, बालबिवाह न्यूनिकरण लगायत विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, शाखा प्रमुख, राजनीतिक दलका प्रतिनिधि लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको सहभागीता रहेको थियो । सहभागी नागरिकहरुले नगरपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए । कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शिता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारिता अझै बढ्ने देखिन्छ ।

**नागरिक सन्तुष्टि सर्भेक्षण Citizen Satisfaction Survey तथा निर्गम अभिमत Exit Poll**

प्रतिवेदन पत्र

प्रस्तुतकर्ता : भोलानाथ आचार्य

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार हामी गाउँपालिकाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरि नागरिक प्रतिवेदन तयार पारेका छौं । नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले नगरपालिकाबाट सेवा लिंदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो । हामीले त्रिवेणी गाउँपालिका तथा विभिन्न वडामा सेवा लिन आएका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार ५० जना नागरिक सँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका छौं । यसमा महिला, दलित, जनजाती, बालबालिका, तथा पिछडा वर्गलाई समेत समेटेर प्रतिवेदन तयार पारेका छौं । सो प्रतिवेदन यस प्रकार रहेको छ ।

लिङ्गको आधारमा :

| महिला | पुरुष | जम्मा |
|---|---|---|
| १४ | ३६ | ५० जना |

जातजातिको आधारमा

| दलित | जनजाति | ब्राह्मण क्षेत्री |
|---|---|---|
| ५ | १७ | २८ |

पेशाको आधारमा

| कृषि तथा श्रम | व्यापारी | शिक्षण, विद्यार्थी | संघसंस्थाहरु |
|---|---|---|---|
| ३७ | ५ | ७ | १ |

**कुन कामको लागि कार्यालय आउनुभयो?**


क) सिफारिस –32% ख) दर्ता/नविकरण-14% ग) आर्थिक सहयोग लिन -0 घ) योजना माग गर्न-10%

ङ) योजना किस्ता माग -4% च) योजनाको मुल्याङ्कन-0 छ) योजनाको अन्तिम भुक्तानी-20%


ज) गाउँपालिकाको सूचना प्राप्त गर्न -2% झ) अन्य कुनै-18%

**सेवाको सन्तुष्टि**

- तपाइ यस कार्यालयवाट प्रदान गरिएको सेवावाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
  सन्तुष्ट ( ) -24% असन्तुष्ट ( ) -18% ठीकै ( ) -58%




- कर्मचारीको व्यवहार प्रति तपाइ कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
  सन्तुष्ट ( ) -22% असन्तुष्ट ( )-4% ठीकै ( ) -74%




- नागरिक वडापत्र अनुसार सेवा लिन लागेको समय प्रति तपाइ कत्तिको सन्तुष्ट हुनुहुन्छ?
  सन्तुष्ट ( )-34% असन्तुष्ट ( ) -6% ठीकै ( ) -60% नागरिक वडा पत्रनै नभएको ( )-0
- कर्मचारीको उपस्थिती, सेवाभावतथा कार्यशैली प्रति तपाइ कत्तिको सन्तुष्ट हुनुहुन्छ?
  सन्तुष्ट ( )-36% असन्तुष्ट ( )-4% ठीकै ( ) -60%
- कर्मचारी प्रतिको विश्वास ?
  धेरै ( ) -22% ठिकै ( ) -74% नभएको ( )-4%
- सेवा लिदा एउटा कामको लागि कति पटक धाउनु पर्यो?१ ( )-24% २ ( )-38% धेरै ( )-38%
- गाउँपालिकामा गुनासो सुनुवाइ संयन्त्र छ? छ( ) – 16% छैन( ) -84%
- सेवा शुल्क वाहेक कुनै थप रकम तिर्नुभएको छ? छैन ( ) -92% तिरेको ( )-2% तिरेको ( )-6%

- योजनाहरु जाँचपास गर्दा प्राविधीक, लेखा वा अन्यलाइ रकम दिनुपर्छ?
  पर्दैन ( )-98% मागेरै लिन्छन ( )- 0 नदिए काम रोकिन्छ ( )-2%
- गाउँपालिकाले आम्दानी र खर्च सूचना पाटीमा टाँसेको देख्नुभएको छ? छु ( )-42% छैन ( )-58%
- गाउँपालिकालेको वार्षिक नीति बजेट तथा कार्यक्रमका वारेमा जानकारी छ?
  छ ( ) -8% छैन ( ) -50% केहिमात्रामा छ ( )-42%
- गाउँपालिका/वडामा यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए?
  १( ) -12% २( )-12% जानकारी छैन( )-76%
- गाउँपालिका/वडामा वर्षिक रुपमा सामाजी परिक्षण सम्पन्न भएको छ? छ ( )-22% छैन ( )-76%

- कार्यालयका राम्रो लागेका पक्ष र सुधार गर्नुपर्ने पक्ष

| क.सं. | राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने कुराहरु |
|---|---|---|
| १. | नागरिक सेवा केन्द्रको स्थापना गरी सेवाग्राहीको कार्यसम्पादनमा सहजता आएको | गाउँपालिकाबाट वितरण हुने सेवा सुविधाहरुको सार्वजनिकीकरण गर्नुपर्ने । |
| २. | शाखागत रुपमा कार्यसम्पादन हुने गरेका | योजना सम्झौताको कामलाई सहज बनाई वडाबाट नै सम्पादन गर्ने व्यवस्था हनुपर्ने । |
| ३. | कर्मचारीहरु मिलानसार रुपमा प्रस्तुत हुने गरेको । | प्राकृतिक स्रोतको दोहन नियन्त्रण गर्नुपर्ने । |
| ४. | कुनै पनि सुचना मागेमा सहजै प्राप्त हुन्छ | गाउँपालिकाको बिकासको लागि गुरुयोजना बनाएर दिगो रुपमा काम गर्नुपर्ने |
| ५. | नीति तथा कार्यक्रम बनाउनु पूर्व सबै संग छलफलको आयोजना गरिएको । | रोजगारी सृजनाहुने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । |
| ६. | | गाउँपालिकाबाट सम्पादन हुने कामको बारेमा सरोकारवाला संग छलफल र सर्वसाधरणलाई जानकारी नियमित गराउनुपने |
| | | योजनाको प्रक्रिया पहिलो विस्तृत जानकारी दिनुपर्ने |
| ७. | बजेट भनेको स्थानमा विनियोजन भएको | वडा र कार्यालयमा ठूलो अक्षरमा नागरिक वडा पत्र राख्नुपर्ने |
| ८. | वडा कार्यालयबाट सेवा पाइने भएकोले सहज | गा.पा. पदाधिकारी र कर्मचारी कहिलेकाही नभेटेको |

कार्यक्रमसंग सम्बन्धित फोटोहरु :




























प्रतिवेदन दिएको मिति :

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :